# मेरो गोदावरी

## कक्षा २



## विषयसूची


एकाइ १ : म र मेरो परिवार.....1

पाठ १: छरछिमेकी नातागोता र सम्मान.....1

पाठ २ : असल बोलिचाली र व्यवहार.....2

एकाइ २: मेरो दैनिक जीवन.....3

पाठ १ : विद्युतीय उपकरणहरु.....3

पाठ २ : सडक सुरक्षा.....7

एकाइ ३ : हाम्रो समुदाय.....11

पाठ १: बालश्रम.....11

पाठ २ : मेरो मातृभाषा.....13

पाठ ३: समुदायमा रहेका संघ संस्थाहरु.....14

एकाइ ४: हाम्रो वातावरण.....16

पाठ १ : स्थानीय स्तरमा पाइने जडिबुटीहरु.....16

पाठ २: विपद् व्यवस्थापन.....19

पाठ ३ : सरसफाइ र फोहोर व्यवस्थापन.....23

एकाइ ५ : हाम्रो संस्कृति.....27

पाठ १ : हाम्रा चाडपर्वहरु र खानेकुराहरु.....28

पाठ २ : हाम्रो पहिरन.....30

पाठ ३ : हाम्रा परम्परागत गीत र बाजाहरु.....31

पाठ ४ : हाम्रो संस्कार.....32

एकाइ ६ : हाम्रो वरपरको संसार.....33

पाठ १ : मेरो गाउँको सेरोफेरो.....34

पाठ २: हाम्रो प्राकृतिक र धार्मिक सम्पदा.....37

एकाइ ७ : हाम्रा क्रियाकलाप.....40

पाठ १ : स्थानीय खेल.....40

पाठ २ : स्थानीय खेलकुदका सामाग्री.....42

पाठ ३ : स्थानीय पेशा व्यवसाय.....44

पाठ ४: स्थानिय प्रविधि.....46

# एकाइ १ : म र मेरो परिवार

## पाठ १: छरछिमेकी नातागोता र सम्मान

**(क) हेरौँ, पढौँ र बुझौँ :**






रमेश :



मेरो घर वरपर ३/४ ओटा अरु घरहरु छन् । तिनीहरु मेरा छिमेकीहरु हुन् । छिमेकीमाकाका, काकी, बाजे र बज्यैहरु छन् । म भन्दा सानानाता पर्ने भाई, बैनीहरु पनि छन् ।



नमस्कार, काका ।

काकी, नमस्कार।




**अभ्यास**

**अ. तल कोष्ठकमा दिइएका शब्दहरुमध्ये उचित शब्द छानी खाली ठाउँमा लेख्नुहोस् ।**

१.ओहो खुट्टा किच्न पुगेछु, ................ गर्नुहोस् । (धन्यवाद, माफ)

२. ...................... तपाइले राम्रो काम गर्नुभएको छ । (तपाईं, धन्यवाद)

३. मैले .............. लाई चिनेन नि । (तिमी, हजुर)

४. छिमेकीहरुलाई ................. गर्नुपर्छ । (झगडा, मद्दत)

५. साथीको .................. गरेर सहयोग गर्नुपर्छ । (माया, काम)

**आ. उत्तर भन्नुहोस् ।**

१. अभिवादन गर्दा तपाईं कुन कुन शब्द प्रयोग गर्नुहुन्छ ?

२. तपाईंको छिमेकमा के-के नातागोता पर्ने मानिसहरु छन् ?

## पाठ २ : असल बोलिचाली र व्यवहार

➤ **हेरौँ र छलफल गरौँ :**









झिजो नमानेर प्रेमपूर्वक बोल्नुपर्छ । झगडा/लडाई नगरेर मिलेर खेल्नु वा काम गर्नुपर्छ । यस्तो बोलिचाली र व्यवहारलाई असल बोलिचाली र व्यवहार भनिन्छ ।

**प्रश्नहरु :**

(१) माथिको चित्रमा साथीहरुले कसरी कुराकानी गरिरहेका छन् ?

(२) चित्रमा धान कसरी रोपिरहेका छन् ?

(३) आफूभन्दा सानी बहिनीलाई के गर्नुपर्छ ?


(४) कस्तो बोलिचाली र व्यवहारलाई असल बोलिचाली भनिन्छ ?


# एकाइ २: मेरो दैनिक जीवन

## पाठ १ : विद्युतीय उपकरणहरु

हाम्रो दैनिक जीवनमा घरमाप्रयोग हुने विद्युतीय सामाग्रीहरु अति आवश्यक चिज हुन् । विद्युतबाट हामी बत्ती बाल्छौं, खाना पकाउँछौं, टि.भि. हेर्छौं, पंखा चलाउँछौं, कम्प्यूटर चलाउँछौं, मोबाइल चार्ज गर्छौं, फ्रिज चलाउछौं । त्यस्तै गरेर विद्यालयमा पनि विद्युतीय सामाग्रीहरु प्रयोग गर्ने गरेका छौं ।

**हेरौं पढौं र जानौं**
**घर विद्यालयमा प्रयोग हुने विद्युतीय उपकरणहरु**




















**अभ्यास**

**अ) तल दिइएका प्रश्नहरुको उत्तर लेख्नुहोस् ।**


१) तपाईंको घरमा विद्युत कुन कुन कामको लागि प्रयोग गरिन्छ ?

२) तपाईंको विद्यालयमा विद्युत कुन कुन कामको लागि प्रयोग गरिन्छ ?


**आ. कुन सामान के काममा प्रयोग गरिन्छ ? लेख्नुहोस् ।**

| **विद्युतीय उपकरण** | **प्रयोग** |
|---|---|
| पंखा | गर्मीमा चिसो अनुभूति गराउन |
| टि.भी. | |
| मोबाइल | |
| फ्रिज | |
| कम्प्युटर | |
| हिटर | |


इ. चित्र हेरी नाम लेख्नुहोस् ।




..........................



............................




..........................



............................

ई. विद्युतवाट चल्ने उपकरणहरु चिनेर घेरा लगाउनुहोस् ।
























# पाठ २ : सडक सुरक्षा

हामीले सडकमा हिड्दा खेरी सावधानीपूर्वक हिड्नु पर्छ । सडकमा हिड्दा सडक पेटीमा मात्र हिड्नु पर्छ । जथाभावी बाटो काट्यो भने दुर्घटना हुन सक्छ । त्यसैले बाटो काट्दा दायाँबायाँ हेरेर जेब्राक्रसिङबाट मात्र बाटो काट्नु पर्छ । गाडी चालकले पनि ट्राफिक लाईट हेरेर मात्र गाडी चलाउनु पर्छ । जथाभावी मादक पदार्थ सेवन गरेर गाडी नचलाई आफूपनि दुर्घटना हुनबाट बाँच्ने र अरुलाईपनि बचाउनु पर्छ ।












**अभ्यास**

**अ. ठिक भए ठिक (✓) वेठिक भए (✗) चिन्हलगाउनुहोस् ।**

१) हामीले सडकको बीचबाट हिड्नु पर्छ ।

२) बाटो काट्दा जेब्राक्रसिङ्गबाट मात्र बाटो काट्नुपर्छ ।

३) गुडीरहेको बसबाट तल झर्नु पर्छ ।

४) जथाभावी बाटो काट्ने बानी राम्रो हो ।

५) हामीले ट्राफिक नियमको पालना गर्नुपर्छ ।

**आ. खाली ठाँउमा छानेर सुहाँउदो शब्दभर्नुहोस ।**

१) हामीले बाटोमा हिँड्दा .................. साइड भएर हिड्नुपर्छ । (दायाँ, बायाँ)

२) बाटो काट्दा ................. बाट बाटो काट्नु पर्छ । (जेब्राक्रस, जथाभावी )

३) बाटोमा हिड्दा ................ नियमको पालना गर्नुपर्छ । (ट्राफिक, विद्यालय)

४) बसमा चढ्दा बस ................. चढ्नु पर्छ । (चलिरहेको बेला, रोकेको बेला )

ङ) ट्राफिक लाइटमा .................... वटा बत्ती हुन्छन् । (दुई, तीन, चार)

**इ. तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् ।**

क) सडकमा हिड्दा कहाँ हिड्नुपर्छ ?

उत्तरः

ख) जथाभावी बाटो काट्यो भने के के हुन सक्छ ?

उत्तर

ग) बाटो काट्दा कुन ठाउँबाट काट्नुपर्छ ?

उत्तर

घ) सवारी चालकले के को नियम पालन गर्नुपर्छ ?


उत्तर

ङ) हामीले हिड्दा कुन साइडबाट हिड्नु पर्छ ?

उत्तर

**क्रियाकलाप :**
**रंग भर्नुहोस्**





| |
|---|
| रातो |
| पहेलो |
| हरियो |

# एकाइ ३ : हाम्रो समुदाय

## पाठ १: बालश्रम



रमेश एक गरीब परिवारमा बस्छ । उसको उमेर ७ वर्ष भयो । ऊ कक्षा २ मा पढ्छ । तर विद्यालयमा धेरै अनुपस्थित हुन्छ । उसलाई विद्यालयमा धेरै अनुपस्थितहुनका कारण सोद्धा उसले आमाबुवा काममा जाँदा बहिनीलाई खेलाउने गरेको बतायो । त्यस्तै कहिले काँही दाउरा लिन जङ्गल जाने गरेकाले विद्यालय आउन नसकेको कुरा पनि भन्यो ।

कुनै पनि त्यस्तो कार्य जसले बालबालिकाको बाल्यकालमा दखल दिन सक्छ, स्कूल जानबाट रोक्छ वा मानसिक, सामाजिक र शारीरिक रुपमा असर गर्ने कार्यलाई बालश्रम भनिन्छ । बालश्रमको समस्या हाम्रो जस्तो विकास उन्मुख देशमा बढी रहेको पाइन्छ । हाम्रो देशमा बालबालिकाहरुलाई कृषि पेशामा, कलकारखानामा, होटल तथा रेष्टुरेन्टमा र घरायसी कामकाजमा लगाउने गरेको पाइन्छ । बालबालिकाहरु भनेका हाम्रो समाजका महत्वपूर्ण सदस्य हुन् । तर हाम्रो समाजमा व्याप्त गरीबी र अशिक्षाले गर्दा यिनिहरुलाई वेवास्ता गरिन्छ । जसले गर्दा बालश्रम ज्यादै ठूलो समस्याको रुपमा रहेको छ । त्यसैले बालबालिकाहरुको कल्याणका लागि सबै पक्षहरुले सबल ढङ्गले भूमिका खेली बालश्रम निवारण गर्ने कोशिष गर्नु पर्दछ । समाजबाट गरीबी र अशिक्षा हटाई बालविकास र कल्याणका लागि हामीले आ-आफ्नो जिम्मेवारी पुरा गर्न सफलतापूर्वक भूमिका खेल्नु जरुरी छ ।

**अभ्यास**

**अ) ठिक बेठिक छुट्याउनुहोस् ।**

१. रमेश सधैं विद्यालयमा उपस्थित हुन्छ । [ ]

२. रमेश दाउरा लिनजङ्गल जान्छ । [ ]

३. हाम्रो देशमा बालश्रमको समस्या रहेको छ । [ ]

४. हामीले हाम्रो समाजबाट बालश्रम हटाउनु पर्छ । [ ]

**आ) छोटो उत्तर दिनुहोस् ।**

१. बालश्रम भनेको के हो ?

२. बालश्रमका दुई ओटा कारण दिनुहोस् ।

३. बालश्रम हटाउन के गर्नुपर्ला ? लेख्नुहोस् ।

**क्रियाकलापः**

आफूभन्दा ठूलो अभिभावक अथवा शिक्षकको सहायता लिई तपाईको छरछिमेकमा हुने गरेका बालश्रमका उदाहरणको सूची बनाउनुहोस् ।

## पाठ २ : मेरो मातृभाषा

मेरो नाम कौशल राना हो । म कक्षा २ मा पढछु । मेरो घरमा रानाथारु भषा बोलिन्छ । त्यो नै मेरो मातृभाषा हो । मेरो साथीको नाम विशाल चौधरी हो । ऊ पकलपुरमा बस्दछ । उसले चौधरी भाषा बोल्दछ । उसको मातृ भाषा थारु भषा हो । मेरो एक जना पहाडी साथी पनि म सँगै मेरै कक्षामा पढछ । उसको नाम मनु कुमारी ओली हो । उनी डाटेली भाषा बोल्दछिन् । हिजो सरले मातृभाषाको बारेमा पढाउनु भयो । उहाँले कक्षामा भन्नु भयो मातृभाषा भनेको हाम्रो पहिलो भाषा हो । जुन हाम्रो जिब्रोको बोली हो । मातृभाषा जोसुकै व्यक्तिले जन्मेपछि आमा बुवाबाट सिक्ने गर्दछ । बच्चाको पहिलो भाषा त्यस बच्चाको व्यक्तिगत, सामाजिक, सांस्कृतिक पहिचानका अंश हो । मानिसले जन्म लिएपछि सबैभन्दा पहिलो बोलिने र सिकिने भाषा भएकोले मातृभाषालाई व्यक्तिको पहिलो भाषापनि भनिन्छ । मातृभाषा कुनै पनि व्यक्तिको सामाजिक रिति रिवाजको पहिचान पनि हो ।

**अभ्यास**

**अ. छोटो उत्तर दिनुहोस् ।**

१) तपाइँको घरमा कुन भाषा बोलिन्छ ?

२) तपाइँको घरमा बोलिने भाषाका कुनै दुई शब्दहरु लेख्नुहोस् ।

३) मातृ भाषा भनेको के हो ? लेख्नुहोस् ।

४) मनु कुमारी ओली र विशाल चौधरीको मातृभाषा कुनकुनहो ? लेख्नुहोस् ।

**क्रियाकलापः**

आफूभन्दा ठूलो व्यक्ति, अभिभावक अथवा शिक्षकको सहयोग लिई तपाईको गाउँ टोल छरछिमेकमा बोलिने भाषाहरुको सूची बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

## पाठ ३: समुदायमा रहेका संघ संस्थाहरु

हाम्रो समुदायमा विभिन्न संघसस्थाहरु रहेका हुन्छन् । ती संघसंस्थाहरुले हाम्रो कामलाई सहज गर्न सेवा प्रदान गरिरहेका हुन्छन् ।

**क) स्वास्थ्य चौकी**




**माथिको तस्वीर अध्ययन गरी तलकाप्रश्नहरुमा छलफल गर्नुहोस ।**

१. तस्वीरमा के के देखाइएको छ ?पत्ता लगाउनुहोस् ।

२. तपाइँलाई कहिलेई चित्रमा देखाइएको संस्थामा जानु परेको छ ? किन ? छलफल गर्नुहोस् ।

हाम्रो समुदायमा स्वास्थ्य चौकीले विरामीहरुको उपचारमा सहयोग पुऱ्याइरहेको हुन्छ । स्वास्थ्य चौकीले बालबालिकाहरुलाई खोप लगाउने व्यवस्था मिलाएको हुन्छ । नेपाल सरकारले आधारभूत स्वास्थ्य सेवालाई प्रदान गर्ने व्यवस्था गरेको छ । त्यसकालागि स्थानिय सेवा पाउने गरी स्वास्थ्य चौकीहरुको स्थापना गरिएको छ ।

**अभ्यास**

**अ. तलका प्रश्नहरुको जवाफ दिनुहोस् ।**

१) तपाइँको समुदायका बालबालिकाहरु खोप लगाउन कहाँ जान्छन् ?

२) तपाइँ विरामीपर्दा उपचार गर्न कहाँ जानुहुन्छ ? लेख्नुहोस् ।

३) हाम्रो समुदायमा स्वास्थ्य चौकी स्थापना किन गरिएको होला ?

**क्रियाकलाप**

शिक्षकको सहयोगमा नजिकैको स्वास्थ्य चौकीको भ्रमण गर्नुहोस् र स्वास्थ्य चौकीले प्रदान गर्ने सेवाहरुको बारेमा छलफल गर्नुहोस् ।

## ख. वडा कार्यालय



वडा कार्यालय सबैभन्दा तल्लो प्रशासनिक केन्द्र हो । वडा कार्यालयले स्थानिय स्तरमा सेवाप्रवाह गरिरहेको हुन्छ । हाम्रो यस गोदावरी नगरपालिकामा १२ वडाहरु रहेका छन् । प्रत्येक वडामा एक/एक वडा कार्यालयहरु रहेका छन् । वडा कार्यालयको प्रमुख वडा अध्यक्ष रहने व्यवस्था रहेको छ । वडा कार्यालय बाट प्रदान गरिने केही सेवाहरु निम्नानुसार रहेका छन्:

- नाता प्रमाणित,
- नागरिकताको लागि सिफरिस,
- जन्ममिति प्रमाणित,
- जन्म, मृत्यु, विवाहदर्ता,
- पूर्व प्राथमिक विद्यालय खोल्ने सिफारिस,
- खानेपानी धारा तथा विद्युत जडान सिफरिस ।

**अभ्यास**

**अ. तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।**

१) तपाईंको घर कति नं. वडामा पर्दछ ?

२) तपाईं बस्ने वडाको वडा अध्यक्षको नाम लेख्नुहोस् ।

३) तपाईंको नगरपालिकाको नाम के हो ?

४) तपाईंको नगरपालिकामा कति वडा रहेका छन् ?

**क्रियाकलाप**

वडा कार्यालले प्रदान गर्ने सेवाहरुको सूची बनाउनुहोस् ।

# एकाइ ४: हाम्रो वातावरण

## पाठ १ : स्थानीय स्तरमा पाइने जडिबुटीहरु

**हेरौं, पढौं र बुझौं :**



गुर्जो



धतुरो



घिउकुमारी



तुलसी



नीम



सर्पगन्धा

गुर्जो, धतुरो, घिउकुमारी, तुलसी, सर्पगन्धा आदि स्थानीय स्तरमा पाइने जडिबुटीहरु हुन् । यिनिहरुको उपयोग स्थानीय स्तरमा रोग निको पार्नका लागि गरिन्छन् ।

हाम्रो वरपर रहेका सबै जीव-जन्तु, बनस्पती, हावा, पानी, माटो आदि कुरालाई वातावरण भनिन्छ । हामी हाम्रो घर वरपर धेरै वस्तुहरु देख्न पाउँछौ । हामीले देख्ने वस्तुहरुमध्ये वनस्पति एक हो ।

हाम्रो वातावरणमा धेरै प्रकारका प्राकृतिक वनस्पतिहरु रहेका हुन्छन् । हरिया बोट-विरुवाहरु प्राकृतिक ओषधीको रुपमा चिनिन्छन् । त्यस्ता औषधिका गुण भएका बोट विरुवाहरुको जरा, काण्ड, पात र फलहरुलाई मानिसहरुले रोग निको पार्न प्रयोग र सेवन गर्ने गर्दछन् ।

**अभ्यास :**

**अ. ठिक वाक्यमा (✓) र बेठिक वाक्यमा बेठिक (✗) चिन्हलगाउनुहोस् ।**

१) माथिकाचित्रहरु हाम्रो स्थानीय स्तरमा पाइने जडिबुटी हुन् । ☐

२) चित्रमा भएका बोट-विरुवाहरुमा औषधीय गुण हुँदैन । ☐

३) माथीका चित्रहरुमा भएका बोटविरुवाहरु रोग निको पार्न प्रयोग गरिन्छन् । ☐

४) नीम स्थानीय स्तरमा पाइने जडीबुटी हो । ☐

**आ. चित्र हेरेर नाम लेख्नुहोस् :**

| चित्र | नाम |
|---|---|
| १.  | ........................................ |
| २.  | ........................................ |
| ३.  | ........................................ |
| ४.  | ........................................ |
| ५.  | ........................................ |
| ६.  | ........................................ |
| ७.  | ........................................ |

**क्रियाकलापः**

**आफ्नो गाउँ घरमा प्रयोग हुने कुनै ५ वटा जडिबुटीहरुको नाम भन्नुहोस् :**

१. ...........................................................................................

२. ...........................................................................................

३. ...........................................................................................

४. ...........................................................................................

५. ...........................................................................................

**पढौँ र बुझौँ :**

मेरो नाम रमेश हो । म कक्षा २ मा पढ्छु । एक दिन म हजुरबुबासँगै गाई-बाख्रा चराउन जंगल गएको थिएँ । गोदावरी नदीको छेवैंको जंगलमा धेरै जातजातिका रुखहरु देख्न पाए । हजुरबुबाले मलाई रुखहरु चिनाईदिनु भएको थियो । खयर, साल, मालु, अमला, हर्रो र बर्रो आदि । तिमध्ये खयर, अमला, हर्रो, बर्रो र अन्य रुखहरु स्थानीय जडिबुटीमा पर्ने रहेछन् । खयरको चमरीको चिया बनाएर पिउनाले स्वस्थ रहन मद्दत पुग्छ भनेर हजुरबुबाले भन्नुभयो, "अमला, हर्रो र बर्रो खानाले कपाल कालो, छाला चिल्लो र ग्यास्ट्रिक रोग समेत निको हुन्छ ।"

**जोडा मिलाऊ :**

| | |
|---|---|
| क. अमला | खाना पचाउछ |
| ख. हर्रो | छाला चिल्लो गराउँछ |
| ग. बर्रो | कपालकालो गराउँछ |
| घ. खयर/कत्था | मुखको घाउ निको पार्छ |

## पाठ २: विपद् व्यवस्थापन

### १. विपद्को परिचय:

**हेरौं, पढौं र बुझौं :**


आगलागी


बाढीपहिरो


डुबान


हावाहुरी


भुकम्प


सर्पदंश

प्रकृतिमा विभिन्न उथलपुथल (परिवर्तन) हुने गर्छ । प्राकृतिक प्रकोप जस्तो कि चट्याङ, भुकम्प, भारि बर्षा, डुबान, हावा-हुरी आगलागी आदि, यस्तो किसिमको प्राकृतिक प्रकोपलाई विपद् भनिन्छ ।

**अभ्यास:**

**अ. जोडा मिलाऊ :**

१.  (क) डुबान

२.  (ख) बाढी

३.  (ग) भुकम्प

४.  (घ) चट्याङ

**आ. तलका प्रश्नहरुको उत्तर लेख्नुहोस् ।**

१. कविपद् के लाई भन्दछन् ?

२. नदीमा बाढी आएको देख्नुभएको छ ?

३. बाढी किन आउछ ?

## मौसमअनुसारका विपद्हरु र त्यसको व्यवस्थापन

### पढौ र छलफल गरौः

मोहन सर श्री ग्वासी माध्यमिक विद्यालय मालाखेतीमा कक्षा २ मा पढाउनुहुन्छ । यो विद्यालय गोदावरी नगरपालिकामा पर्छ । मोहन सरले आज कक्षामा विपद्बारे छलफल गराउनुभयो । विद्यार्थी भाइबहिनी र शिक्षकबीच भएको छलफल बारे पढौं ।

शिक्षक : नमस्कार, भाइबहिनीहरु !

विद्यार्थी : नमस्कार, सर !

शिक्षक : तपाईंहरुले चित्रहरुमा के-के देख्नुभयो, भन्नुहोस् ।

विद्यार्थी : आगलागी, चट्याङ, बाढीपहिरो, डुबान, भुकम्प र हावाहुरी आदिको चित्र देख्यौं, सर ।

शिक्षकः स्याबास ! तपाईंहरुले ठिक देख्नुभयो र ठिक भन्नुभयो । हावाहुरी, चट्याङ, अनि असिनापर्दा तपाईहरु के-के गर्नुहुन्छ ?

विनोद : सर, म त घरभित्र नै बस्छु ।

पार्वती : सर, विद्यालयजाँदा वा घर फर्किदा वा वनको बाटोमा हिड्दा पनि आँधी आउन सक्छ । त्यस्तो समयमा म त नजिकैको घर वा पसलमा गएर बस्छु । रुखमुनि ओत लागेर बस्दैन ।

सपना : सर, भुकम्प आयो भने म त बाहिर सुरक्षित स्थानमा जान नसके चोटपटक लाग्नबाट बच्न टेबुल मुनी वा किचनको पक्की स्ल्यापमूनी वा खाटमुनि बस्छु ।

शिक्षक : धन्यवाद ! अनि हावाहुरी, चट्याङ, असिना र बाढीपहिरो आएको बेलामा घरबाहिर निस्कनु हुँदैन । अनि भुइँचालो आउँदा घरबाहिर खुल्ला ठाउँमा भाग्न सकिएन भने टेबुलमुनि, खाटमुनि लुक्नुपर्छ । अँ, आगलागीबाट बच्नचाहिँ के गर्नुपर्छ ?

सीता : म त आगलागी भएको ठाउँमा जान्न ।

विमला : मलाई आमाले आगो र आगो बाल्ने सलाई लाइटरसँग जथाभावी खेल्नाले आगलागी हुनसक्छ भनेर चेताउनुभएको छ ।

पल्लवी : आगलागी नियन्त्रण गर्न दमकलको प्रयोग गरिन्छ । होइन सर ?

शिक्षक : सीता, विमला, पल्लवीले ठिक भन्नुभयो । हामीलाई आगलागी जस्तै अन्य धेरै किसिमका विपद् आइपर्न सक्छन् । ती विपद्बाट कसरी जोगिन सकिन्छ ? सबैले अभिनय गरेर देखाउने हो, है ।

(शिक्षकले अभिनय गर्छन् र विद्यार्थीहरु नक्कल गर्न थाल्छन्)

मौसम अनुसार विभिन्न प्रकारका विपद्हरु आउछन् । जस्तो कि बर्षाको मौसममा बाढी, डुबान र गर्मि महिनाहरु वैशाख, जेठमा हुरी, आगलागी र बर्षायाममा सर्पदंश जस्ता विपद्हरु हुन्छन् ।

**अभ्यासः**

**अ. खाली ठाउँमा ठिक शब्द छानेर भर्नुहोस् ।**

१. आगलागी, हावाहुरी ........................ हुन् । (झगडा/विपद्)

२. आगलागी नियन्त्रण गर्न .................. चाहिन्छ । (दमकल, एम्बुलेन्स)

३. हावाहुरी ................... प्रकोप हो । (प्राकृतिक/मानवीय)

४. शिक्षकले .................... बाट बच्ने उपायहरु सिकाउनुभयो । (चोर/विपद्)

५. आगलागी भएको ठाउँदेखि .................... जानुपर्छ । (नजिक/टाढा)

**आ. ठिक भए (✓) र बेठिक भए (✗) चिन्हलगाउनुहोस् ।**

१. बाढीपहिरो, हावाहुरी हामीलाई आइपर्ने विपद् हुन् । ☐

२. आगलागी नियन्त्रण गर्न दमकलको प्रयोग गरिन्छ । ☐

३. चट्याङ, हुरी, बाढी प्रकोप होइनन् । ☐

४. भुकम्प आउँदा खुल्ला मैदानतिर जानुपर्छ । ☐

५. बाढीले हाम्रो खेतबारी र घरलाई बगाएर लग्दैन । ☐

**इ. तलको तालिकामा कुनै सातओटा विपद् पत्तालगाई घेरा लगाउनुहोस् ।**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ह्य | आ | ग | ला | गी | हा | भु |
| च | थ्या | प | ड | ख | वा | क |
| थ्या | बा | हि | ढे | डे | हु | म्प |
| ङ | ढी | रो | लो | री | री | रु |

**ई. भूकम्प आएको बेलामा तपाईंले के गर्नुपर्छ ? कक्षामा सुनाउनुहोस् ।**

**उ. विपद् तथा प्रकोप चिनौं र नाम लेखौं:**







१................................ २.................................... ३...................................








४.............................. ५.................................... ६ .................................

**क्रियाकलाप**

तपाइले देख्नुभएको कुनै विपद्बाट के कस्तो क्षति भएको थियो ? टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## ➢ पढौ र बुझौं



मेरो नाम बिमला चौधरी हो । म श्री दुर्गालक्ष्मी माध्यमिक विद्यालयमा कक्षा २ मा पढ्छु । गर्मि मौसममा म सलाई, लाइटर र आगो सँग खेल्दिन । म वर्षातको मौसममा राती टर्च लिएर जुत्ता लगाएर हिड्छु किनकि सर्पले खुट्टामा डस्न सक्छ । वर्षामा नदी/खोलामा पौडी खेल्दिन किनकि अचानक नदीमा बाढी आएर मलाई बगाउन सक्छ ।

म मौसमअनुसार आइपर्ने विपद्प्रति सचेत हुन्छु । म जस्तै अन्य मेरा साथीहरुले पनि सचेत हुनुपर्छ ।

**क्रियाकलाप:**

शिक्षक वा साथीको सहयोगमा विभिन्न मौसममा आफ्नो गाउँघरमा घट्ने गरेका विपद्हरुको सूची तयार पार्नुहोस् ।

पाठ ३ : सरसफाइ र फोहोर व्यवस्थापन

**घरमा तथा विद्यालयमा उत्पादन हुने फोहोर मैला व्यवस्थापन :**



साँझ/बिहान आँगनलाई झाडुले बढारेर चिटिक्क पार्नुपर्छ । घर वरपर छरपस्ट फैलिएर रहेका प्लास्टिक, झिल्ली आदिलाई टिपेर डस्टविनमा राख्नुपर्छ । घरभित्र फर्स/भुँइ आदिमा सधैँ बिहान पोछा लगाएर सफा राख्नुपर्छ । झ्याल/ढोकामा टाँसिएर रहेका धुलाका कणहरुलाई कपडाले पुछेर सफा राख्नुपर्छ । यसो गर्नाले घर सफा र सुन्दर देखिन्छ । सड्ने र गल्ने फोहोरलाई एक ठाउँमा र नसड्ने, नगल्ने फोहोरलाई छुट्टै अर्को ठाउँमा थुपार्नुपर्छ ।

**प्रश्नहरु:-**

१. घर वरपर सरसफाई किन गर्नुपर्छ ?

२. फैलिएर रहेको फोहोर झिल्ली, प्लास्टिक आदिलाई के मा राख्नुपर्छ ?

३. के तपाई घर वरपरको सरसफाईमा भाग लिनुहुन्छ ?

**कक्षा कोठामा ठोस फोहोर व्यवस्थापन :**



## ठोस फोहोर व्यवस्थापन

मेरो नाम अस्मिता वि.क. हो । मेरो घर गोदावरी नगरपालिका वडा नं. १ अत्तरियामा पर्छ । म कक्षा २ (दुई) घण्टेश्वर मा.वि. अत्तरियामा पढ्छु । म विद्यालय समयमै पुग्छु । विद्यालयमा हामी पालैपालो गरी कक्षा कोठा सफा गर्छौं । हामी कक्षाकोठामा रहेका कागज, ढुंगा, काठ, प्लास्टिक, चकलेटको खोल, किला आदि टिपेर डस्टविनमा राख्छौं । पछि त्यसमा रहेका कुहिने, जल्ने र नजल्ने फोहोरलाई छुट्याउँछौ । कुहिने फोहोरलाई खाडलमा राखेर मल बनाउँछौं । जल्ने फोहोरलाई आगोले जलाउँछौं । नजल्ने फलाम आदिलाई पुनः प्रयोगको लागि राख्छौं ।

हामी फोहोर टिपेर एक ठाउँमा जम्मा पार्छौ । त्यसपछि त्यो फोहोरलाई कुहिने र नकुहिने अलग-अलग गरी कुहिने जतिलाई हरियो डस्टविनमा र नकुहिने जतिलाई रातो डस्टवीनमा राख्छौं ।



**प्रश्नहरु :**

१.कक्षाकोठाको ठोस फोहोर व्यवस्थापन कसरी गर्नुपर्छ ?

२. कुहिने फोहोरको के बनाउन सकिन्छ ?

३. के तपाईं कक्षाकोठाको सरसफाईमा भाग लिनुहुन्छ ?

४. दुई ओटा डस्टविन किन चाहिएको होला ? भन्नुहोस् ।

## विद्यालय परिसरको सरसफाइ र फोहोर व्यवस्थापन :



**पढौँ, हेरौँ र बुझौँ :**

हामी प्रत्येक दिन प्रार्थना सकिने वित्तिकै सोही लाइनबाट विद्यालय परिसरको सरसफाई गर्दछौँ । हाम्रा गुरु र गुरुआमाहरुले पनि सरसफाईमा भाग लिनुहुन्छ । हाम्रो विद्यालयमा थुप्रै डस्टविन, झाडु, ठेला, डिटोल, हारपिक, ब्रस, साबुन अनि स्यानिटाइजरको व्यवस्था छ ।



**अभ्यासः**

**अ. ठिक वाक्यमा ठिक (✓) र बेठिक वाक्यमा (✗) चिन्हलगाउनुहोस् ।**

१. नङ काट्न चक्कुको प्रयोग गरिन्छ । [ ]

२. भुइँ बढार्न कुचोको प्रयोग गरिन्छ । [ ]

३. कक्षाकोठामा फोहोर गर्न रमाइलो हुन्छ । [ ]

४. फोहोर वस्तु राख्न डस्टविन चाहिन्छ । [ ]

**आ.जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| अ. ब्रस मंजन | आगन सफा गर्न |
| आ. डष्टबिन | दाँत सफा गर्न |
| इ. कुचो | नुहाउन/हातमुख धुन |
| ई. साबुन | फोहोर वस्तु राख्न |

**इ. खाली ठाउँमा ठिक शब्द छानेर भर्नुहोस् :**

१. विद्यालय परिसरको फोहोर ............... मा थुपार्नुपर्छ । (खाल्डो/कोठा)

२. कक्षाकोठाको फोहोर .................... ले बढार्नुपर्छ । (झाडु/लट्ठी)

३. शौचालयको प्यानको सफाई ................ ले गर्नुपर्छ । (हार्पिक र ब्रस/रुमाल र टावेल)

४. हातमुख धुन .................. प्रयोग गरिन्छ । (साबुनपानी/तेलपानी)

५. हामीले .................... मा ध्यान दिनुपर्छ । (सरसफाई/गफगाफ)

**क्रियाकलापः**

आफ्नो विद्यालय वरपर घुम्नुहोस् । सरसफाईको अवस्था कस्तो छ, चिन्ह (✓) लगाउनुहोस् :

| विद्यालयको नाम | सफा छ | सफा छैन |
|---|---|---|
| १. कक्षाकोठा | | |
| २. झ्याल | | |
| ३. सेतोपाटी | | |
| ४. खेलमैदान | | |
| ५. खानेपानीको धारा | | |
| ६. फूलबारी | | |
| ७. शौचालय | | |
| ८. पूस्तकालय | | |
| ९. कम्प्युटर कक्ष | | |

# एकाइ ५ : हाम्रो संस्कृति

**हरेक चित्रहरुमा के-के भइरहेको छ ? साथीहरुसंग छलफल गरौं ।**



चित्र नं. १



चित्र नं. २



चित्र नं. ३



चित्र नं. ४



चित्र नं. ५



चित्र नं. ६



चित्र नं. ७



चित्र नं. ८



चित्र नं. ९

## पाठ १ : हाम्रा चाडपर्वहरु र खानेकुराहरु

हाम्रो समुदायमा विभिन्न जाति र धर्मका मानिसहरु बस्दछन् । जाति र धर्म अनुसार उनीहरुले बोल्ने भाषा र चालचलनपनि फरक-फरक हुन्छ । चाडपर्व र खानपिन पनि फरक फरक हुन्छन् । हामी हाम्रा चाडपर्वमा मिठा-मिठा खानेकुराहरु खान्छौं ।

**अभ्यास**

**अ. चित्रहेरी खानेकुराको नाम भन्नुहोस् ।**



चित्र नं. १



चित्र नं. २



चित्र नं. ३



**चित्र नं. ४**



**चित्र नं. ५**

**आ) कुन-कुन चाडपर्वमा के-के कुरा खानुहुन्छ ? अभिभावकलाई सोधेर लेख्नुहोस् ।**

| **चाडपर्वको नाम** | **खानेकुराको नाम** |
|---|---|
| १.दशैं | सेल, रोटी, माछामासु, चिउरा |
| २. ...................... | ....................................... |
| ३. ...................... | ....................................... |
| ४. ...................... | ....................................... |
| ५. ...................... | ....................................... |

**इ) जोडा मिलाउनुहोस् ।**













**क्रियाकलापः**

तपाईं चाडपर्वमा के-के खानेकुरा खानुहुन्छ ? ती खानेकुरा तयार गर्न के-के आवश्यक पर्छ ? अभिभावकलाई सोधेर लेख्नुहोस् ।

| **खानेकुराको नाम** | **के-के बाट तयार हुन्छ ?** |
|---|---|
| १. सेलरोटी | चामलको पिठो, खाने तेल, चिनी |
| .................................... | .................................. |
| .................................... | .................................. |
| .................................... | .................................. |
| .................................... | .................................. |
| .................................... | .................................. |
| .................................... | .................................. |
| .................................... | .................................. |
| .................................... | .................................. |
| .................................... | .................................. |

## पाठ २ : हाम्रो पहिरन

**चित्र हेरौँ र साथीहरुसँग छलफल गरौँ ।**







विभिन्न समुदायका मानिसहरुले लगाउने पहिरन फरक-फरक हुन्छ । महिला र पुरुषको पनि फरक-फरक पोशाक हुन्छ । दौरा, सुरुवाल र टोपी पुरुषले लगाउने पोशाक हुन् भने कसै कसैले काट पाइन्त र सट पनी लगाउने गर्छन् । र कुनै कुनै ठाउँमा पुरुषहरुले धोती र कुर्ता लगाउने गर्दछन् । महिलाहरुले गुन्यु, चोलो र पटुकी महिलाको पोशाक हो । त्यस्तै महिलाहरुले साडी र ब्लाउज पनि लगाउने गर्दछन् ।

**अभ्यासः**

अभिभावकलाई सोधेर चाडपर्वमा लगाइने आफ्नो पोषाक र गहनाहरुको नाम लेख्नुहोस् ।

महिलाको पोशाक ..............................................................

पुरुषको पोशाक ..................................................................

गहनाहरु ........................................................................

**क्रियाकलाप :**

**आफ्नो समुदायमा लगाइने पोषाकको चित्रबनाई रङ भर्नुहोस् ।**

## पाठ ३ : हाम्रा परम्परागत गीत र बाजाहरु

**चित्र हेरौं र छलफल गरौं ।**


चित्र नं. १


चित्र नं. २


चित्र नं. ३


चित्र नं. ४


चित्र नं. ५


चित्र नं. ६


चित्र नं. ७

**माथिको चित्रहरुमा के-के देख्नुभयो ?**

हाम्रो समुदायमा विभिन्न चाडपर्वहरुमा परम्परागत गीतहरु गाउने चलन छ । मांगल गीत, तीज, पुतला, चैत, धमारी आदी पहाडी समुदायमा गाइने गीत हुन् । थारु समुदायमा गाइने गीत सखीया गीत, धमार गीत आदी हुन् । रानाथारु समुदायमा फगुवा गीत, तीज गीत आदी गाइन्छ । यसैगरी हरेक समुदायमा यस्ता परम्परागत गाउने र नाच्ने गरिन्छ ।

हाम्रो समुदायमा विभिन्न चाडपर्व र संस्कारहरुमा धेरै किसिमका बाजाहरु बजाइन्छन् । मादल, ढोलक, दमाहा, ट्याम्को, सारंगी, सहनाइ, नरसिंगा, बासुरी आदि हाम्रो समुदायमा भएका बाजाहरु हुन् । गीत संगितका लागि बाजाहरु आवश्यक पर्छन् । यसबाट हामीलाई मनोरञ्जन प्राप्त हुन्छ ।


**मादल**


**दमाहा**


**सारंगी**


**सहनाइ**


**नरसिंगा**


**बासुरी**

**अभ्यास:**

**अ. तपाइको समुदायमा बजाइने बाजाहरुको नाम लेख्नुहोस् ।**

१) .......................................
२) ......................................
३) ....................................
४) ..................................

**क्रियाकलाप:**

**आफ्नो समुदायमा गाइने गित गाउँदै अभिनय गर्नुहोस् ।**

## पाठ ४ : हाम्रो संस्कार

चित्र हेरौँ र छलफल गरौँ ।









हाम्रो समुदायमा रहेका विभिन्न जाति र धर्मका मानिसहरुका फरक फरक चालचलन रहेका हुन्छन् । कोही मन्दिरमा पुजाआजा गर्छन भने कोही बौद्ध गुम्बामा पूजा गर्छन् । जन्म देखि मृत्युसम्म गरिने विभिन्न संस्कारहरु पनि फरक-फरक हुन्छन् ।

**अभ्यास :**

**चित्र हेरी लेख्नुहोस् ।**

**चित्रमा के देख्नुभयो ?**



**चित्र नं. १**

.........................................



**चित्र नं. २**

.......................................



**चित्र नं. ३**

.......................................

# एकाइ ६ : हाम्रो वरपरको संसार

## कविता



**सुन्नुहोस् र लय मिलाई गाउनुहोस् ।**

ए साथी भनन
तिमी कहाँ बस्छौ ?
तिम्रो वडा कुन हो ?
मलाई भन खरर ।

साथी म हु रमन
बस्छु म बास्कोटा
४ नं वडामा
मैले भने सरर ।

## पाठ १ : मेरो गाउँको सेरोफेरो

कबिता खमौरा गाउँमा बस्छिन् । खमौरा गोदावरी नगरपालिकाको १० नं. वडामा पर्छ । उनको वडाका वडा अध्यक्षको नाम रविन्द्र शाही हो । यस वडा भित्रका छिमेकी गाउँ तल्लो खमौरा, दमौरा, शिवरामपुर, जानकी टोल रहेका छन् ।





**प्रश्नहरुः**

१) तपाईं कति नं. वडामा बस्नुहुन्छ ?

२) तपाईंको वडा अध्यक्षको नाम के हो ?

३) कविताको वडामा कुन कुन गाउँ छन् ?

### ३) छलफल गरौँ:



चित्र नं १



चित्र नं २




चित्र नं ३

**प्रश्नहरु:**

१) चित्र नं १ मा के के देख्नुभयो ?

२) चित्र नं. २ मा देखाइएको गाउँ कुन भेगको हो ?

३) वडा कार्यालय कति नं चित्रमा छ ?

**४) संवाद पढौँ:**

आस्था, कमल, राजकुमार विद्यालय जादै थिए ।



आस्था: ए कमल मेरो घरमा हिजो भाइ बिरामी भएकाले विद्यालय आउन पाएन । सरले के के पढाउनु भयो होला ?

कमल: के भयो आस्था तिम्रो भाईलाई ?

आस्था: हिजो धेरै ज्वरो आएकाले औषधी उपचार गर्न नजिकैको मेडिकलमा लगेकोले अलि सन्चो भएको छ । हिजो सरले के-के पढाउनुभयो ?

कमल: ए हो र हिजो सरले हाम्रो वडा भित्र रहेका गाउँहरुको बारेमा पढाउनु भयो ।

राजकुमार: हाम्रो वडामा त धेरै गाउँ पो रहेछन । है कमल

आस्था: हो र हाम्रो वडामा  के के रहेछन् ?

कमल: चौकीडाँडा, मालिकाटोल, मालाखती र कृष्णमन्दिर टोल आदि हुन् ।

राजकुमार: त्यति मात्रकहाहुन र मुक्तीनगर पनि पर्छ, भन्नु भएको सरले।

कमल: हो त नि ! म त कस्तो भुसुक्कै बिर्सेछु ।

आस्था: म विद्यालय नआए पनि कति राम्रो कुरा सुनायौ, ल विद्यालय पनि पुगिएछ ।

(सबै जना आफ्नो कक्षामा गए)



**अभ्यास :**

**अ. ठिक बेठिक छुट्याऊनुहोस्:**

१) जन्मदर्ता गर्न वडा कार्यालय जानुपर्छ । ☐

२) म गोदावरी नगरपालिकामा बस्छु । ☐

३) गोदावरी मन्दिर वडा नं. ४ मा पर्छ । ☐

४) सल्ली र चाप छिमेकी गाउँ हुन् । ☐





**गीत गाऔं**

वनभोज खान भल्का जाऔं
हाम्रो गाउँभित्र ।
नायल ताल घुम्न जाऔं
मिलिजुलि मित्र ।





सबै मिलि गीत गाऔं
गुरु अनि चेला ।
माघ महिनामा हेर्न जाऔं
गोदावरी मेला ।

अभ्यास :

**अ. चित्र हेरी नाम लेखौं ।**



चित्र नं. १



चित्र नं. २



चित्र नं. ३



चित्र नं. ४



चित्र नं. ५



चित्र नं. ६

**आ) खाली ठाऊँ भर्नुहोस् ।**

१) वनजंगल ...................सम्पदा हो । (प्राकृतिक, धार्मिक)

२) वनभोज खान ............. जान्छन् । (बजार, भल्का)

३) हामी........................मा. पूजा गर्छौं । (मन्दिर, चर्च)

४) वनजंगलबाट......................ल्याउछौं । (दाउरा, पानी)

५) हामी नायल .........................घुम्न जाऔं । (ताल, मन्दिर)

**इ) तलका प्रश्नहरुको उत्तर दिनुहोस् :**

१) तपाईको वडाभित्र रहेका २ वटा प्राकृतिक सम्पदाका नाम भन्नुहोस् ।

२) तपाईंको वडा भित्र रहेका २ वटा धार्मिक सम्पदा का नामभन्नुहोस् ।

३) नदीबाट हामीलाई के के फाइदा हुन्छ ? लेख्नुहोस् ।

**क्रियाकलाप**

**१. धार्मिक तथा प्राकृतिक सम्पदाको रेखाचित्र बनाई रंग भर्नुहोस्:**

मन्दिर

वनजंगल

हिमाल

नदी

**२. प्राकृतिक सम्पदा र धार्मिक सम्पदा छुट्याउनुहोस् ।**

(ताल, मन्दिर, खोला, नदी, पहाड, गुम्बा, वनजंगल, गोदावरी धाम)

| प्राकृतिक सम्पदा | धार्मिक सम्पदा |
|---|---|
| | |

# एकाइ ७ : हाम्रा क्रियाकलाप

## पाठ १ : स्थानीय खेल

हाम्रो स्थानीय स्तरमा लुकामारी, गट्टा, चुङ्गी, घरकुटी र पिङ खेल खेलिन्छ । आआफ्नो ठाउँमा आफ्नै किसिमले तयार गरी खेलिने खेल स्थानीय खेल हो । यी खेल खेल्दा आ-आफ्नै तरिकाले खेल्ने गरिन्छ । यी खेल ठाउँ अनुसार फरक हुन्छन् । लुकामारी, गट्टा ,चुङ्गी, घरकुट्टी र पिङ् आदि खेलहरु खेल्छौं ।

**अभ्यास**

**अ. जोडा मिलाउनुहोस् :**

गट्टा





चुङ्गी



लुकामारी



घरकुट्टी



पिङ

**आ. छलफल गरौँ :**

अ) तपाईँ कुनकुन खेल मन पर्छ ?

आ) तपाईँ कोसँग खेल खेल्नुहुन्छ ?

**इ. आफूले गर्ने क्रियाकलापमा ठिक (✓) चिह्न लगाउनुहोस् :**

अ) म परिवारको सदस्यसँग खेल खेल्छु ।

आ) म सबैसँग मिलेर खेल खेल्दछु ।

इ) म खेलौना बनाउँछु ।

ई) म घर र विद्यालयमा खेल खेल्छु ।

**क्रियाकलाप :**

**खेल खेलौँ**



## पाठ २ : स्थानीय खेलकुदका सामाग्री

हामी हाम्रो गाउँमा लुकामारी, गट्टा, चुङ्गी, घरकुट्टी र पिङ् आदि खेलहरु खेल्ने गर्दछौँ । गट्टा खेल्न स साना ढुङ्गाहरु प्रयोग गर्छौं । चुङ्गीखेल साइकलको ट्युबका बाटुला टुका र रबरका गुच्छा बनाएर खेल्ने गरिन्छ । हाम्रो गाउँमा डोरीलाई रुख तथा खम्बामा बाधेर पिङ् खेल्ने गरिन्छ । घरकुट्टी खेल्दा माटो, ढुङ्गा, सिन्का, कपडा आदि प्रयोग गरिन्छ ।

**अ. तलका प्रश्नहरुको उत्तर लेख्नुहोस् ।**

१) गट्टा खेल्न के प्रयोग गरिन्छ ।

२) चुङ्गी बनाउदा के के प्रयोग गरिन्छ ।

३) पिङ् खेल्न के के चाहिन्छ ।

**आ. खाली ठाउँ भर्नुहोस् :**

पिङ, गट्टा, चुङ्गी, लुकामारी

अ) दुईवटा खम्बामा डोरी बाँधेर ...... खेलिन्छ ।

आ) ढुङ्गालाई माथिफाल्दै .............खेल खेलिन्छ ।

इ) ट्युब तथा रबरका गुच्छा बनाएर खुट्टाले ........ खेल खेलिन्छ ।

ई) साथीहरुकाबीच लुक्दै खोज्ने गरि ............खेल खेलिन्छ ।

**इ. दिइएका खेलहरु चिनेर नाम लेख्नुहोस् ।**

चित्र नाम



.............................



...........................



.........................



........................

**क्रियाकलाप :**

तपाईँले खेल्ने खेलको नाम र ती खेल खेल्न चाहिने सामग्रीको नाम तालिकामा लेख्नुहोस् ।

| खेल | खेल सामग्री |
|---|---|
| | |

## पाठ ३ : स्थानीय पेशा व्यवसाय

हाम्रो गाउँघर तथा समुदायमा धेरै अगाडिदेखि संचालन भइरहेका पेशा नै परम्परागत पेशा हुन् । स्थानीय तरिकाले खेती गर्ने, पशुपालन गर्ने, माटाका भाडा बनाउने, घर बनाउने, काठका विभिन्न सामान बनाउने, ढुङ्गाका मूर्ति बनाउने, फलामका हातहतियाार आदि जस्ता पेशाहरु परम्परागत पेशाहरु हुन् ।

**अभ्यास :**

**अ. तलका प्रश्नहरुको उत्तर लेख्नुहोस् ।**

१) तपाईको घरका मानिसले के काम गर्छन ?

२) तपाईंको घरको आम्दानीका स्रोत के हो ?

३) खेतीपाती गर्ने व्यक्तिलाई के भनिन्छ ?

४) गाडी चलाउने व्यक्तिलाई के भनिन्छ ?

**आ. खाली ठाउँ भर्नुहोस् :**

ड्राईभर, किसान, शिक्षक, सिकर्मी, डकर्मी

१) गाडी चलाउने काम .................ले गर्दछ ।

२) खेतीपाती गर्ने काम ....................ले गर्दछ ।

३) पढाउने व्यक्तिलाई ...........भनिन्छ ?

४) काठका सामग्री बनाउने काम .....ले गर्दछ ।

५) घर बनाउने व्यक्तिलाई ................भनिन्छ ।

इ. तल दिइएका चित्र हेरेर नाम लेख्नुहोस् ।

| चित्र | नाम |
|---|---|
|   | |
|  | |
|  | |
|  | |
|  | |

**क्रियाकलाप :**

**तपाईंका परिवारका सदस्य र तिनले गर्ने काम लेख्नुहोस् ।**

| परिवारका सदस्यको नाम | गर्ने काम |
|---|---|
| | |

## पाठ ४: स्थानिय प्रविधि

हामीले सरल जीवनयापन गर्न आ-आफ्नो ढंगले विकास गरी प्रयोगमा ल्याउने प्रविधि स्थानीय प्रविधि हो । जस्तै: दाल दल्नका लागि जाँतो प्रयोग हुन्छ ,धान कुट्नका लागि ढिकीको प्रयोग हुन्छ, गहुँ, मकै, कोदो जस्ता अन्न पिस्न घट्टको प्रयोग हुन्छ ,तोरी जस्ता तेलहन वस्तु पेल्न कोलको प्रयोग हून्छ र खेत जोत्न हलो जुवाको प्रयोग हुन्छ ।

**हरौँ, भनौँ र लेखौँ**



चित्र नं. १



चित्र नं. २



चित्र नं. ३



चित्र नं. ४



चित्र नं. ५

**अभ्यास :**

**अ. तलका प्रश्नहरुको उत्तर लेख्नुहोस् ।**

१) कुनै दुईवटा स्थानीय प्रविधिको नाम लेख्नुहोस् ।
२) घट्टको प्रयोग के कामका लागि गरिन्छ ?
३) दाल दल्न प्रयोग हुने स्थानीय प्रविधिलाई के भनिन्छ ?

**आ. तल दिइएका वाक्यहरु ठिक भए (✓) ठिक चिह्न र बेठिक भए (✗) बेठिक चिह्न लगाउनुहोस् ।**

१) दाल दल्न जाँतोको प्रयोग हुन्छ ।

२) धान कुट्न कोलको  प्रयोग हुन्छ ।

३) गहुँ, मकै, कोदो जस्ता अन्न पिस्न घट्टको प्रयोग हुन्छ ।

४) तोरी पेल्न ढिकीको प्रयोग हुन्छ ।

**इ. जोडा मिलाउनुहोस् ।**

| | |
|---|---|
| घट्ट | तोरी पेल्ने |
| कोल | अन्न पिस्न |
| हलोजुवा | धान कुट्न |
| ढिकी | खेत जोत्न |

**क्रियाकलाप :**

तपाईंको समुदायमा प्रयोग हुने स्थानीय प्रविधिहरु सोधखोज गरी लेख्नुहोस् ।